*जलवायु परिवर्तन र रेडं सम्बन्धमा*
*नेपाल आदिवासी जनजाति महासंघका अडान*


- आइएलओ महासन्धि नं. १६९ र युएनड्रिप कार्यान्वयन गर ।
- वन संरक्षण र व्यवस्थापनसम्बन्धी आदिवासी जनजातिको परम्परागत प्रणालीलाई मान्यता देउ ।
- परम्परागत ज्ञान, सीप, रीतिरिवाज, प्रथाजनित न्यायीक प्रणालीको प्रयोग र संस्कृतिलाई राष्ट्रिय रेडप्लस रणनीतिमा मान्यता देउ ।
- भूमि, वन र प्राकृतिक श्रोतहरूसँग आदिवासी जनजातिको अन्योन्याश्रित सम्बन्धलाई मान्यता देउ ।
- जल, जमिन, जङ्गल, खानी र प्राकृतिक श्रोतमाथि आदिवासी जनजातिको स्वामित्व र नियन्त्रणको अधिकार सुनिश्चित गर ।
- स्वतन्त्र, अग्रिम, जानकारीसहितको मञ्जुरीलाई सुनिश्चित गर ।
- पूर्ण र प्रभावकारी सहभागिताको व्यवस्था सुनिश्चित गर ।
- आत्मनिर्णयको अधिकारलाई मान्यता देउ ।


नेपाल आदिवासी जनजाति महासंघ
जलवायु परिवर्तन र रेड साझेदारी कार्यक्रम
महांकाल गाविस-५, गल्फुटार, काठमाडौं
पो.ब.नं : ७८०३
फोन : ९७७-०१-४३७९७२८
इमेल : info@nefinredd.org
वेबसाइट : www.nefinredd.org


NEFIN IWGIA AIPP TEBTEBBA

# जङ्गल नै जीवन

## समुदायलाई ज्ञान



जलवायु परिवर्तन आज आएर सिङ्गो विश्वको साझा मुद्दा र छलफलको विषय वनेको छ। यसले वातावरणमा पारेको प्रभावका कारण सिङ्गो विश्वका मानिसहरु यसबाट प्रभावित छन्। जलवायु परिवर्तनका कारण मौसमको स्वरुपमा परिवर्तन आई समयमा पानी नपर्नाले कृषिमा प्रभाव पर्नुका साथै खडेरी, तापक्रममा वृद्धि, हैजा र अन्य रोगहरु देखा परेको छ। पृथ्वीको वायुमण्डलमा कार्बनडाइअक्साइडको वृद्धिका कारण भू-तापमानमा वृद्धि भैरहेको छ। वैज्ञानिकहरुका अनुसार विश्वमा १७ % देखि २० % कार्बनको उत्सर्जन वन-जङ्गलको फडानी र विनासबाट हुने गर्दछ। यो पुस्तिकाले जलवायु परिवर्तन र रेडको सम्वन्धमा सूचना दिन्छ, जुन जलवायु परिवर्तन न्यूनीकरणको एक उपायको रुपमा कार्बन उत्सर्जनलाई कटौती गरी वायुमण्डलमा यसको मात्रा कम गर्नमा प्रवर्द्धन गरिएको छ।

यो पुस्तिका आदिवासी जनजाति र स्थानीय समुदायका मानिसहरुका लागि तयार गरिएको हनाले सबैले सजिलो ढंगले वुझ्न सजिलो होस भन्ने उद्देश्यले विषयवस्तुलाई सरलीकृत गरिएको छ भने विभिन्न चित्र र फोटोहरु मार्फत यसलाई अझ सरल वनाइएको छ। यसमा मूलत : आदिवासी जनजाति, स्थानीय समुदाय, अल्पसंख्यक जाति र विद्यार्थीहरुलाई जलवायु परिवर्तन, रेड र यसमा आदिवासी जनजाति र स्थानीय समुदायको पूर्ण र प्रभावकारी सहभागिता सम्वन्धमा जानकारी गराउन पथप्रदर्शकको रुपमा तयार गरिएको छ।

यस पुस्तिकाले जलवायु परिवर्तनमा वन-जङ्गलको महत्व र भूमिका, रेड र रेडप्लसको अवधारणा, रेडप्लसको कार्यान्वयन, रेडप्लसको आदिवासी जनजाति र स्थानीय समुदाय वीचको सम्वन्धका वारेमा थप जानकारी दिनुका साथै वन-जङ्गलमा वसोवास गर्नेहरुले यस सम्वन्धी वुझ्न झन किन वढी आवश्यक छ भन्ने जानकारी दिन सहयोग गर्दछ। सूचना निर्देशिकाको रुपमा प्रकाशित यस पुस्तिकाको मुख्य उद्देश्य आदिवासी जनजाति र स्थानीय समुदायविच जनचेतना अभिवृद्धि गर्नु, यिनीहरुलाई जलवायु परिवर्तन सम्वन्धी गतिविधीहरु र यसले आदिवासी जनजातिको पहिचान र सामूहिक अधिकारको अभ्यास गर्दा त्यसमा पनि खास गरि भूमि, भू-क्षेत्र र प्राकृतिक स्रोतहरुमाथि उनीहरुको अधिकार सम्वन्धमा रेडप्लसले पार्ने सम्भावित नकारात्मक प्रभावका सम्वन्धमा जानकारी दिनु हो।

यो पुस्तिका नर्वेजियन विकास नियोग (नोराड) र डेनिस परराष्ट्र मन्त्रालय (डानिडा) को सहयोगमा प्रकाशन गरिएको हो।

NEFIN IWGIA AIPP TEBTEBBA

# जङ्गल नै जीवन

**समुदायलाई ज्ञान**

सर्वाधिकार@ नेफिन, जलवायु परिवर्तन र रेड साझेदारी कार्यक्रम, २०७०

प्रकाशन अधिकारवालालाई पूर्व सूचना दिएर तथा स्रोत र लेखकहरूलाई आभार व्यक्त गरी नाफा नकमाउने उद्देश्यले यो पुस्तिकाको प्रतिलिपिहरू वनाउन र वितरण गर्न सकिन्छ ।

अंग्रेजी संस्करणको प्रकाशन
**International Work Group for Indigenous Affairs (IWGIA)**
**Asia Indigenous People's Pact (AIPP)**

नेपाली संस्करणको प्रकाशन
नेपाल आदिवासी जनजाति महासंघ
**जलवायु परिवर्तन र रेड साझेदारी कार्यक्रम**

प्रकाशन वर्ष : २०७०
प्रकाशन प्रति : १०००


सम्पादन : पासाङ शेर्पा
भाषा सम्पादन : जीवनाथ खनाल
नेपाली अनुवाद : अमृत योञ्जन तामाङ
डिजाइनिङ्ग तथा लेआउट : अल मिडिया सोलुसन, बागबजार
मुद्रण : हाइडल प्रेस, डिल्लीबजार, काठमाडौं ।


जलवायु परिवर्तन र हालको मौसमी अवस्था
माछा कता गएछन् ?
पानी कहिले पर्ने हो ? खडेरीले सबै धानबाली सुक्ने भो ।
यो झरी कहिले रोकिने हो ? मेरो घरबारी, खेतीपाती सबै बाढीले बगाएको छ ।
यो वर्ष धेरै पानी पऱ्यो र पहिरो पनि गयो । माथिल्लो गाउँमा बाटो, विद्यालय र धानखेत बाढीले बगायो र छजना मानिस पनि मरे ।
आजभोलि मौसम अनुसार पानी पर्दैन । कुनै वर्ष त पानी नै पर्दैन, अनुमान लगाउन नै गाह्रो भो ।


विगतका दिनमा जीवन सुखी र सम्पन्न थियो ।
जङ्गलमा कन्दमूल धेरै हुन्थ्यो र जीवजन्तु पनि धेरै हुन्थे ।
खोलामा प्रशस्त पानी बग्थ्यो ।
गङ्गटा र माछा कति कति....
मानिसहरू हाँसीखुशी मिलेर बस्थे ।
गाईवस्तुहरू प्रशस्त र निरोगी हुन्थे ।
अन्नपात पर्याप्त हुन्थ्यो र केही बिक्री पनि गरिन्थ्यो ।
Herbal medicine
रोगहरूको उपचारका लागि हर्बल औषधिको प्रयोग गर्नुपर्छ ।
आजभोलि मौसममा धेरै परिवर्तन भइरहेको छ । मेरो विचारमा हाम्रो पृथ्वी तातिइरहेको छ । हाम्रो जीवन र जीविकोपार्जनमा धेरै परिवर्तन भइरहेको छ ।
पानी कम पर्नु, समयमा पानी नपर्नु र खडेरी लाग्नु ।
धेरै खाले रोग फैलिन्छन् ।
हामी धेरै परिश्रम गर्छौं ।
उत्पादन दिनप्रतिदिन घट्दैछ, गरिबी झन्झन् बढ्दैछ ।
पुरुषहरू कामको खोजीमा अन्य ठाउँमा जानुपर्छ जसका कारण परिवारमा थरी थरीका समस्या देखा पर्छन् ।




हामीलाई थाहा भएकै कुरा हो, पृथ्वीलाई वरिपरिबाट हावाले ढाकेको हुन्छ जसलाई वायुमण्डल भनिन्छ । कार्बनडाइअक्साइड, मिथेन, नाइट्रोजन जस्ता विभिन्न ग्यासहरूको मिश्रणबाट वायुमण्डल बनेको हुन्छ । स्वभावतः यी ग्यासहरूले सूर्यको तापलाई सोस्छन् र पृथ्वीलाई न्यानो बनाइ राख्छन् अर्थात सूर्यको तापले पृथ्वी वरिपरिको हावालाई न्यानो बनाइराख्छ । जसले गर्दा पृथ्वीका जीवहरू बाँच्न सक्छन् । हामी बसेको पृथ्वी सूर्यको वरिपरि घुमिरहन्छ । जसका कारण फरक फरक ठाउँमा फरक फरक किसिमको जलवायु देखा पर्छ । हिजोआज कलकारखाना, गाडी, हवाइजहाज, डढेलो, फोहोरमैला जलाएको धुँवा, वन फडानी आदिका कारण पृथ्वीमा प्राणी र वनस्पतिबीच असन्तुलन उत्पन्न भएको छ । यस्तो मानवीय क्रियाकलापबाट वायुमण्डलमा हानीकारक ग्यास भरिन थालेको छ । यस्ता अधिकाँश ग्यासले हाम्रो पृथ्वीको तापक्रमलाई बढाउँदै लैजाने भएकाले पृथ्वीको जलवायुमा परिवर्तन आउन थालेको हो ।





$CO_2$
$CO_2$
$CO_2$
वायुमण्डलका ग्यासहरूले हरितगृहका रूपमा शिशाको पर्खालले जस्तै काम गर्छ । यसले सूर्यको किरणलाई केही मात्रामा भित्र पस्न दिन्छ भने हानीकारक विकिरणलाई फर्काइ दिन्छ । केही मात्रामा न्यानोपनलाई पृथ्वीको नजिकै राख्छ र पृथ्वीलाई हामी बस्नयोग्य बनाउँछ । सूर्यबाट आएका केही तापलाई हरितगृह ग्यासले रोकी आकाशमा फर्काइदिन्छ । अर्कोतिर पृथ्वीमा आएको सूर्यको तापको केही अंश आकाशतिर फर्कन नदिई रोकेर पृथ्वीलाई न्यानो बनाई राख्छ । यस्तो नभएको भए पृथ्वी धेरै चिसो हुने थियो र मानिस बाँच्न सम्भव नै हुने थिएन । यो प्राकृतिक प्रक्रियालाई हरितप्रभाव भनिन्छ । तथापि मानिसका विभिन्न क्रियाकलापहरू जस्तैः कलकारखाना सञ्चालनमा तेल र ग्यासको प्रयोग, बिजुलीको उत्पादन, यातायात भूमि विकास, आधुनिक कृषि प्रणालीले वायुमण्डलमा यी ग्यासहरू थोपरिरहेका छन् । हरितगृहको असर झनै बढेर गएको छ । यसको परिणामस्वरूप भू-तापमानमा वृद्धि भइरहेको छ ।
ग्यासले पृथ्वीलाई कसरी न्यानो बनाउँछन् ?



CO2
CO2
CO2
कार्बनडाइअक्साइडले पृथ्वीलाई कसरी न्यानो बनाउँछ ? र यो ग्यास कहाँबाट आउँछ ?
कार्बनडाइअक्साइड प्रमुख हरितगृह ग्यास हो । मान्छेले खाना पकाउन वा अरू कुनै कामका लागि दाउरा, कोइला, ग्यास वा बिजुली बाल्दा, उद्योगधन्दा, कलकारखाना र गाडी चलाउन पेट्रोलियम पदार्थ प्रयोग गर्दा यो ग्यास निस्कन्छ । कार्बनडाइअक्साइडको मुख्य स्रोत नै मानवीय क्रियाकलाप हो । अर्को महत्वपूर्ण स्रोत भनेको वन-जङ्गलको विनाश तथा क्षयीकरण हो । ठूलो मात्रामा काठ, दाउरा सङ्कलन, खानी, बाँध निर्माण, डढेलो, सिमेन्ट उत्पादन र कृषि क्षेत्रको विस्तार जस्ता क्रियाकलापहरूले कार्बनको उत्सर्जन भइरहेको छ ।



आदिवासी जनजाति समुदायले जलवायु परिवर्तनबाट किन नकारात्मक असर भोग्नु परेको हुन्छ ?
नानी हो ! हजारौँ वर्षदेखि वन-जङ्गल, जमीन वा प्रकृतिसँग हाम्रो अन्योन्याश्रित सम्बन्ध रही आएको छ ।
हाम्रा गाउँ वरिपरिका धेरै बोटविरूवा र वन्यजन्तुहरूले हामीलाई दैनिक जीवनमा आवश्यक पर्ने खाद्य-पदार्थ र औषधिमूलो प्रदान गर्छन् ।
पवित्र जङ्गल
खोला र जमीनको प्रत्येक टुक्रा हाम्रा लागि महत्वपूर्ण छ । यसलाई हामीले पुर्खौदेखि पवित्र मान्दै आएका छौं । हामीमध्ये धेरैजसोले अहिले पनि साधारण ढङ्गले आफ्नो जीवन बिताइराखेका छौं । प्राकृतिक स्रोत उपभोग गर्दा आफूलाई चाहिने जति मात्र प्रयोग गरेर बाँकी छोराछोरी, नातानातिना तथा भावी सन्ततिहरूका लागि संरक्षण गर्दै आएका छौं । फलस्वरूप प्राकृतिक स्रोत दिगो ढङ्गले मात्र उपभोग भइरहेको छ ।
हाम्रो परम्परागत जीवन प्रणालीले बाह्य स्रोत-साधनहरू जस्तै कलकारखाना, इन्धन, रासायनिक मल र अन्य औद्योगिक उत्पादनहरूको प्रायः प्रयोग गर्दैन । हामी आफूलाई चाहिने जति मात्र उत्पादन गर्छौं र धेरै मात्रामा उपभोग गर्दैनौं । यसको अर्थ के हो भने हाम्रो जीवनशैली नै कार्बन कम मात्रामा उत्सर्जन गर्ने प्रकारको छ ।


प्राकृतिक वातावरणसँगको नजिकको सम्बन्ध र अन्तरनिर्भरताको कारण गर्दा अन्य समुदायहरूको तुलनामा हामी आदिवासी जनजातिमाथि जलवायु परिवर्तनबाट प्रतिकूल प्रभाव पर्छ । थोरै मात्रामा हुने तापक्रमको वृद्धिले पनि हाम्रो जीवनमा सोझै असर पार्छ । विश्व तापमानमा १ डिग्री सेल्सियसको वृद्धिले पनि जङ्गलमा बोटबिरूवाको वृद्धि र पानीमा माछाको वंश वृद्धिमा नकारात्मक परिवर्तन ल्याउन सक्ने कुरालाई उदाहरणका रूपमा लिन सकिन्छ ।
२ डिग्री सेल्सियस तापक्रमको वृद्धिले थुप्रै प्रकारका बोटबिरूवा र जीवजन्तुहरू लोप हुने वा अन्य कुराले नै विस्थापित गर्न सक्ने खतरा छ ।
अहिले भएको तापक्रम अझै बढेर गयो भने पृथ्वीमा मौसम झन् बिग्रेर पहिरोले धेरैलाइ सताउनेछ...
बाढी शरणार्थी शिबिर
........जसबाट पृथ्वीमा लामो समयसम्म भारी वर्षा हुनेछ । हुरीवतास, बाढी पहिरोका प्रकोप बढ्नेछ । मान्छेले नजानेका अनेकौं रोग फैलिनेछन् । जमीनमा चिसो बढ्न सक्नेछ । हाम्रो खाद्य पदार्थका महत्वपूर्ण स्रोत कतिपय वोटविरूवा र जनावरहरू लोप हुनेछन् ।


जलवायु परिवर्तनको परिणाम सामनाको लागि के गर्न सकिन्छ ?
जलवायु परिवर्तनलाई हामी रोक्न सक्दैनौँ । किनकि यसका लागि धेरै ढिलो भइसकेको छ । तर हामीले के निश्चित गर्नपर्छ भने अब जलवायुमा धेरै परिवर्तन नहोस् । यसका लागि धेरै उपाय छन् । सबैभन्दा पहिले हामीले हरितगृह ग्यास विशेष गरी कार्बनडाइअक्साइडको उत्सर्जनमा कमी ल्याउनु पर्छ । यसका लागि हामीले सौर्य उर्जा वा जैविक इन्धन वैकल्पिक उर्जाको प्रयोग गरेर हाल दाउरा, पेट्रोलियम जस्ता इन्धनको प्रयोगलाई कम गर्न सक्छौ । यसका साथै हामीले वन-जङ्गलको संरक्षण र वृक्षरोपण गर्नुपर्छ जसले कार्बनलाई सोस्छ ।
सौर्य शक्ति
वायु शक्ति
वन-जङ्गल संरक्षण
जैविक इन्धन प्लान्ट
ताड वृक्षरोपण



तर कार्बन उत्सर्जन न्यूनीकरणका सही र गलत तरिकाहरू पनि छन् ।
कार्बन उत्सर्जनलाई कम गर्ने तरिका गलत भएमा सामाजिक एकता, सामाजिक न्यायमाथि नकारात्मक प्रभाव पर्नुका साथै समुदायको अधिकार र स्वतन्त्रता, उनीहरूको जीविकोपार्जनमा समेत नकारात्मक असर पार्न सक्छ । जसका कारण जैविक विविधता र वातावरण माथि चुनौती आइपर्छ ।
कार्बन उत्सर्जन न्यूनीकरणका सही तरिकाहरू
वायु शक्ति
सौर्य शक्ति
वन-जङ्गल संरक्षण
हामी कार्बन उत्सर्जन कम गर्न वचनबद्ध छौँ ।
ताड, रबर र अन्य जैविक इन्धनका रूखहरू रोप्न वन-जङ्गलको कटान ।
वन-जङ्गलमा प्रवेश नगर ।
वन संरक्षणलाई व्यवस्थापन गर्ने नियमहरू
- भिरपाखामा खेती गर्न वा बगैँचा बनाउन नपाइने ।
- गाईवस्तु चराउन अथवा शिकार गर्न नपाइने ।
- रूख काट्न अथवा दाउरा सङ्कलन गर्न नपाइने ।




मानिसहरूले धेरै पहिलेदेखि जलवायु परिवर्तनको असरको सामना गर्दै आएका छन् । यस्तो असरबाट समाजका धनी तथा शक्तिशाली मानिसहरूभन्दा गरिबहरू नै बढी प्रभावित हुने गरेका छन् । किनभने गरिबहरूसँग आधुनिक स्रोतसाधन तथा पैसाको कमी छ । तसर्थ, गरिबहरूलाई जलवायु परिवर्तनको असर झेल्न निकै कठिनाई परिरहेको हुन्छ ।
जलवायु परिवर्तनलाई हामी आफै कसरी अनुकूलन गर्न सक्छौं ?
आदिवासी जनजाति र अरू स्थानीय समुदायको क्षमता निकै छ । आदिवासी जनजाति तथा स्थानीय समुदाय नदीको तहभन्दा निकै उच्च भूभागमा बसोबास गर्छन् । त्यसैले आदिवासी जनजाति तथा स्थानीय समुदाय जलवायु परिवर्तनबाट उत्पन्न कठिनाई सामना गर्न सक्षम छन् । उनीहरू विभिन्न प्रकारका बोटबिरूवा र तरकारीहरू उब्जाउँछन् र आलोपालो खेती गर्छन् । उनीहरू शिकार गर्ने र माछा मार्ने नयाँ तरिका खोजी गर्छन् । त्यस्तै विभिन्न सामाजिक अवस्थामा आफूलाई समायोजन गर्न अध्ययन, शिक्षा, र रोजगारीको खोजी गर्छन् । उनीहरू आफ्नै ज्ञान र स्थानीय विधिको प्रयोगद्वारा जलवायु परिवर्तनसँग अनुकूलन हुन्छन् ।
तर, आदिवासी जनजाति तथा स्थानीय समुदायको भूमि सम्बन्धी अधिकारलाई मान्यता दिएको छैन र उनीहरूको जमीन र जङ्गल कम्पनी र अरू कसैलमई दिइएको छ....
..............किनभने उनीहरूलाई आफ्नो भूमि र भूगोलको बारेमा निर्णय तहमा सहभागी गराइँदैन र गरिबीको कारणले गर्दा उनीहरूलाई जलवायु परिवर्तनसँग अनुकूलन हुन झनै अप्ठ्यारो भएको छ ।




जलवायु परिवर्तनलाई रोक्न हाम्रो सरकारले के गरिरहेको छ ?
जलवायु परिवर्तन सिङ्गो विश्वकै मुद्दा भएको हुनाले जलवायु परिवर्तनको मुद्दालाई सम्बोधन गर्नका लागि विश्वका अधिकाँश मुलुकले विभिन्न अन्तर्राष्ट्रिय सम्झौतामा हस्ताक्षर गरेका छन् । नेपाल सरकारले पनि त्यस्ता सम्झौतामा हस्ताक्षर गरेको छ । हरितगृह ग्यासको उत्सर्जनलाई कम गर्नका लागि धेरै बैठक र सम्मेलनहरू भएका छन् । विकासोन्मुख देशहरूको तुलनामा विकसित तथा औद्योगिक देशहरूले नै हरितगृह ग्यासहरूको उत्सर्जनमा उल्लेखनीय रूपमा बढी योगदान दिएका छन् र उनीहरूलाई त्यस्तो ग्यास उत्सर्जनमा आमूल रूपमै कटौती गर्न दवाव पर्दै गएको छ । साथै विकासोन्मुख देशलाई कार्बन उत्सर्जनमा कमी ल्याउन र जलवायु परिवर्तनसित अनुकूलन गर्नका लागि धनी राष्ट्रहरूले आर्थिक सहयोग उपलब्ध गराउनु पर्ने माग हुने गरेको छ । तथापि, विकसित देशहरूले जे गर्न जरूरी छ त्यो गर्न तयार भएको देखिदैन । हालसम्म कुनै स्पष्ट सम्झौतामा समेत पुगेका छैनन् । एउटा विशेष र नयाँ कार्यक्रमले वन विनाश र वन क्षयीकरणलाई कम गरी कार्बन उत्सर्जनलाई कटौती गर्न/रोक्न विकासोन्मुख देशहरूलाई आर्थिक सहयोग उपलब्ध गराउने लक्ष्य राखेको छ । किनभने यस कार्यक्रमले जलवायु परिवर्तनको प्रभावलाई कम गर्न महत्वपूर्ण भूमिका खेल्छ । यस कार्यक्रमलाई वन फडानी तथा विनाशबाट हुने उत्सर्जनमा कटौती (रेड) भनिन्छ ।
करिब १७ देखि २० प्रतिशतसम्म विश्व कार्बनडाइअक्साइड उत्सर्जन वन विनास र फडानीको नतिजा हो । वन-जङ्गल संरक्षण गऱ्यो भने वा वन-जङ्गल फडानीलाई रोकथाम गर्ने हो भने कार्बन उत्सर्जन पनि रोक्न सकिनेछ ।
हामी गरिब देशका जनता हौँ । हामी हाम्रो वन-जङ्गललाई संरक्षण गर्न सक्छौँ । तर देश विकासका लागि हामीलाई पैसाको आवश्यकता छ ।
जलवायु परिवर्तनलाई कम गर्न अन्तर्राष्ट्रिय बैठक
हामी विकासोन्मुख देशहरूलाई वन-जङ्गल जोगाउन र वृक्षरोपणका लागि आर्थिक सहयोग उपलब्ध गराउन सक्छौं, तर हामीले आर्थिक विकासलाई निरन्तरता दिन पाउनुपर्छ ।
हामी सम्झौतामा हस्ताक्षर गर्न गइरहेका छैनौं र हामी सरकारहरूलाई १४ बिलियन डलर जरिवाना तिर्नबाट जोगाउन चाहन्छौं । किनकि हामी कार्बन उत्सर्जनलाई घटाउन सक्दैनौ ।
हामी गैरसरकारी संस्था र स्थानीय/आदिवासी जनजाति समुदाय यसमा संलग्न हुन चाहन्नौं ।
हामी हरितगृह ग्यासको उत्सर्जनमा ४० प्रतिशत कटौती गर्न सक्दैनौं । हामीसँग ठूलो जनसङ्ख्या छ र हामीलाई आफ्नो आर्थिक वृद्धि चाहिएको छ ।


जलवायु परिवर्तनमा जङ्गल किन महत्वपूर्ण छ ?
जब रूखहरू बढ्छन्, तिनीहरूले वायुमण्डलबाट कार्बनअक्साइड सोस्छन् र डाँठ, हाँगा, पात र जराहरूको वृद्धिमा प्रयोग गर्छन् ।


जब रूखहरू मर्छन् त्यसबाट कार्बन निस्केर वायुमण्डलमा फर्कन्छ ।
वन-जङ्गलमा हुने आगलागीले रूख बिरूवामा सञ्चित कार्बन निस्केर वायुमण्डलमा जम्मा हुन्छ ।
$CO_2$ $CO_2$ $CO_2$ $CO_2$ $CO_2$
जब वन-जङ्गल काटिन्छ या मासिन्छ, तब अत्याधिक मात्रामा कार्बन निस्केर वायुमण्डलमा जान्छ ।
$CO_2$ $CO_2$ $CO_2$ $CO_2$ $CO_2$


मानिसहरूले भन्ने गरेको रेडप्लस परियोजना के हो ? तिनीहरू यस परियोजनाले विश्वभरिको भू-तापमान वृद्धिलाई कम गर्न सहयोग गर्छ भन्छन् ।
हो, रेडप्लसले वन-जङ्गलको फडानी तथा विनाशबाट हुने कार्बन उत्सर्जनमा कटौती, वनको दिगो व्यवस्थापन र वनको कार्बन सञ्चितिमा वृद्धि गरी जलवायु परिवर्तनलाई सम्बोधन गर्न सहयोग गर्छ ।
यो परियोजनाको आधारभूत उद्देश्य भनेको धनी तथा विकसित मुलुकहरूले वन-जङ्गलको फडानी र विनाशलाई कम गर्न, वन-जङ्गलको संरक्षण र वृक्षरोपण गर्नका लागि विकासशील मुलुकहरूलाई आर्थिक सहायता उपलब्ध गराउनु हो ।


तर रेडप्लसले कसरी काम गर्छ ? वास्तवमा वन-जङ्गल संरक्षण मार्फत् विश्व तापक्रममा भइरहेको वृद्धिलाई कम गर्न यसले के गर्छ ?
विकासोन्मुख मुलुकहरूले वन-जङ्गल संरक्षणका लागि परियोजना सञ्चालन गर्न विकसित देशहरूबाट सहयोग प्राप्तिका लागि आवेदन दिनुपर्छ । परियोजनाबाट उनीहरूले वायुमण्डलमा जाने कार्बन कति मात्रामा वन-जङ्गलले रोकेको छ भन्ने मापन गर्नेछ र त्यसपछि त्यसका लागि कति तिर्नु पर्छ भनेर हिसाब गर्नेछ । यो काम अलि जटिल छ । रेडमा जाने मुलुकहरूले धेरैवटा नियम पालना गर्नुपर्ने हुन्छ ।
वन-जङ्गल संरक्षणका लागि परियोजना कसले कार्यान्वयन गर्छ ? हाम्रो समुदायलाई के फाइदा हुन्छ ? यी परियोजनाहरूमा हाम्रो भूमिका के हुने हो ?
रेड परियोजना सरकार, निजी कम्पनीहरू अथवा अन्तर्राष्ट्रिय विकास संस्थाहरूले कार्यान्वयन गर्न सक्छन् र गाउँलेहरूले यस कार्यमा सहयोग र समन्वय गर्न सक्छन् वा उनीहरू आफैं पनि गर्न सक्छन् ।
रेड परियोजना जसले शुरू गर्न चाहन्छ, उसले स्थानीय आदिवासी जनजाति समुदायलाई योजनाबारे विस्तृत व्याख्या गर्नुपर्छ । योजनाले पार्ने सम्भावित प्रभाव, स्थानीय आदिवासी जनजाति समुदायको भूमिका र सम्पूर्ण नीति नियमहरू स्पष्टसँग भन्नुपर्छ । निर्णय गर्नुभन्दा अगाडि परियोजना सञ्चालन गर्न चाहने संस्थाले स्थानीय आदिवासी जनजाति समुदायलाई छलफलका लागि प्रशस्त समय दिनुपर्छ । आदिवासी जनजाति समुदायलाई उनीहरूको भू-भागमा परियोजना लागू गर्न दिन हुन्छ वा दिन हुँदैन भन्ने निर्णय गर्ने अधिकार हुन्छ । यसलाई स्वतन्त्र, अग्रिम,जानकारी सहितको मन्जुरी (एफपिक) भनिन्छ ।
यस्तो परियोजनाको सञ्चालन बाहिरका संस्थासँगको सहकार्यमा गरियो भने परियोजनाले हाम्रो जीविकोपार्जनमा सकारात्मक वा नकारात्मक प्रभाव के पऱ्यो भनेर हामीले कसरी थाहा पाउन सक्छौं ?


परियोजनाका लागि पैसा कसले दिन्छ र कसरी दिन्छ ?
सामान्यतया रेडप्लसका लागि पैसा आउने दुइवटा अवस्था छ । पहिलो, बजार संयन्त्र मार्फत् लगानी गरेरः यसमा रेडसँग आबद्ध कुनै पनि देश, कम्पनी तथा समुदायले वन संरक्षण गरेर कार्बनको उत्सर्जनमा कमी ल्याउँछ, जस्तै काठ कटानलाई रोकेर अथवा वृक्षरोपण गरेर । वनमा सञ्चित कार्बनको मापन गरिन्छ र सञ्चिति कति छ, त्यस बमोजिम प्रमाणपत्र पाउँछ । यसलाई कार्बन क्रेडिट भनिन्छ । एउटा कार्बन क्रेडिट बराबर एक टन कार्बन हुन्छ । यो कार्बन क्रेडिटलाई बिक्री गर्न सकिन्छ । कार्बन क्रेडिटलाई किन्ने देश या कम्पनी र बेच्ने देश या कम्पनीबीच अन्य सामान सरह खरिद बिक्री कारोबार हुन सक्छ । तथापि धेरै व्यक्ति र संस्थाहरूले कार्बन बजारलाई अस्वीकार गर्न सक्छन् । किनभने यसले धनी मुलुक र कम्पनीहरूले आफूले किनेको कार्बन क्रेडिट प्रयोग गरेर प्रदूषण र कार्बनको उत्सर्जनलाई निरन्तरता दिइराख्न सक्छन् । उनीहरूले आफ्नो कार्बन उत्सर्जनमा कमी ल्याउनुको सट्टा विकासशील मुलुकहरूबाट कार्बन क्रेडिट किन्छन् । जसले गर्दा भू-तापमान वृद्धि र जलवायु परिवर्तनको प्रभाव न्यूनीकरणमा यसले खासै सहयोग पुऱ्याउँदैन ।
$CO_2$
वन संरक्षण परियोजना
संरक्षित वन-जङ्गलको क्षेत्र


समुदायले सरल ढङ्गले बुझ्नका लागि परियोजना सम्बन्धी सकारात्मक तथा नकारात्मक दुवै सूचना स्पष्ट र पारदर्शी ढङ्गमा स्थानीय भाषामा प्रस्तुत गर्नुपर्छ । परियोजनाले समुदायमा पार्ने सकारात्मक तथा नकरात्मक प्रभावका सम्बन्धमा स्पष्ट र पारदर्शी ढङ्गले सजिलोसँग सबैले बुझ्ने गरी स्थानीय भाषामा बुझाउनु पर्छ ।
सूचनाको अस्पष्ट प्रस्तुतीकरण
स्थानीय प्रचलन र विधि अनुसार पुरूष, महिला र युवाहरूबीच सम्झौतामा पुग्नु पर्छ ।
केही टाठाबाठा तथा शक्तिशाली समूहहरूबीच मात्र सम्झौता
अब हामीले बुझ्यौं । हामीलाई सूचना दिनु भई राम्रोसँग बुझाइदिनु भएकोमा धेरै धन्यवाद ।
राम्रो ! हामीहरू आज दिउँसो सामुदायिक भवनमा भेट्नेछौं ।


स्वतन्त्र, अग्रिम,जानकारी सहितको मन्जुरी (एफपिक) का बारेमा थप जानकारी दिन सक्नुहुन्छ ?
एफपिकले आदिवासी जनजातिहरूको प्रथाजनित कानुन र परम्पराको आधारमा सर्वसम्मत सहमतिमा पुग्न सुनिश्चित गर्छ । यसको अर्थ प्रत्येक व्यक्तिले सहमति जनाउनु नै पर्छ भन्ने होइन । उनीहरूको प्रथाजनित कानुन र प्रचलनका आधारमा सहमति खोज्नु पर्छ भन्ने हो । यो एक किसिमले आदिवासी जनजातिहरूको भूमि, भू-क्षेत्र, स्रोतहरू माथिको अधिकारका साथै आत्मनिर्णयको अधिकार र साँस्कृतिक एकताको अभ्यास पनि हो ।
के हामी परियोजनासँग सन्तुष्ट छौं ?
यसबारे अझै बढी छलफल गर्नुपर्छ ।
कसैको दवाब, डर र धम्की बिना स्वतन्त्र रूपले निर्णय गर्नु ।
तपाईहरू सहमत हुनैपर्छ ।
अरूको दवावमा नियन्त्रित रूपमा निर्णय गर्नु ।
समुदायसँग परियोजना शुरू हुनुभन्दा अगाडि आफ्नो विचार राख्ने र निर्णय लिने समय हुन्छ ।
परामर्श तथा निर्णय प्रक्रियामा समुदायलाई सहभागी गराइँदैन, बोल्ने मौका दिइँदैन र आफ्नो अधिकार प्रयोग गर्न दिइँदैन ।



युएनड्रिप भनेको के हो ?

युएनड्रिप आदिवासी जनजातिहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघको घोषणापत्र हो । यस घोषणापत्रलाई छोटकरीमा युएनड्रिप भनेर बुझिन्छ । यो घोषणापत्रले कुनै पनि परियोजना लागू गर्नुभन्दा अगाडि सम्पूर्ण सरोकारवाला पक्ष र गाउँलेहरूको सहभागितामूलक परामर्श, सहमतिबाट निर्णय लिनुपर्छ भनेको छ ।





यस घोषणापत्रमा संयुक्त राष्ट्र संघका प्रायः सबै सदस्य मुलुकले हस्ताक्षर गरेका छन् । यसले आदिवासी जनजातिको अधिकारहरूको प्रवर्द्धन र संरक्षण गर्न मापदण्ड निर्धारण गरेको छ । युएनड्रिपको महत्वपूर्ण प्रावधानहरू निम्न छन् :

१. भूमि, भू-क्षेत्र र स्रोतहरूमा अधिकार- आदिवासी जनजातिलाई भूमि, भू-क्षेत्र र स्रोतहरूमा अधिकार छ । राज्यले आदिवासी जनजातिको भूमि व्यवस्था सम्बन्धी प्रथा र परम्परालाई सम्मान गर्दै भूमि, भू-क्षेत्र र स्रोतहरूको कानुनी मान्यता र संरक्षण दिनुपर्ने कुराको वकालत गरेको छ ।

२. स्वतन्त्र, अग्रिम र सूचित सहमति - आदिवासी जनजातिलाई निम्न विषयमा स्वतन्त्र, अग्रिम र सूचित सहमतिको अधिकार हुन्छ ।

(क) कुनै योजनाले आफ्नो भूमि वा भू-क्षेत्रबाट विस्थापन वा पुनर्स्थापनाको कुनै पनि कार्य ।

(ख) आदिवासी जनजातिलाई प्रभाव पार्ने कुनै पनि नियम कानुनको निर्माण र परिमार्जनको काम ।

(ग) कुनै पनि परियोजनाले आदिवासी जनजातिको भूमि र भू-क्षेत्रको विकास, उपयोग तथा खनिज, जल वा अन्य स्रोतको प्रयोग ।

(घ) आदिवासी जनजातिको भूमि वा भू-क्षेत्रमा विषादी र खतराजन्य कुनै पनि वस्तुको भण्डार गर्न र फ्याक्ने काम ।

एफपिकले आदिवासी जनजातिको सामूहिक निर्णय प्रक्रियाका आधारमा परियोजना स्वीकार गर्ने या नगर्ने वा शर्तसहित परियोजना कार्यान्वयन गर्ने भन्ने कुराको निर्णय उनीहरू आफैले लिन पाउनु पर्छ भन्ने जनाउँछ ।





हामीले रेड परियोजनामा प्रवेश गर्नुभन्दा अगाडि के कुरामा ध्यान पुऱ्याउनु पर्छ ?

रेड र अन्य कार्बन साझेदारी सम्झौताहरू प्रायः गरी लामो अवधिको हुने गर्छ र धेरै दशकसम्म लम्बिन पनि सक्छ । एक पटक सम्झौतामा हस्ताक्षर गरिसकेपछि त्यस सम्झौतामा समेटिएका भूमिको प्रयोग र व्यवस्थापनमा परिवर्तन गर्न निकै गाह्रो हुन्छ । तसर्थ सम्झौतामा के कुराहरू समेटिएका छन् प्रत्येक अनुच्छेदको अर्थ के हो र सम्झौतामा प्रयोग भएका खास खास शब्दावलीले के अर्थ दिन्छ या दिन सक्छ भन्ने सम्बन्धमा सचेत हुन जरूरी छ । यो कुरा विशेषगरी भूमि र स्रोतहरूको नियन्त्रण र स्थानीय आदिवासीहरूको जीविकोपार्जनको सुरक्षाका लागि महत्वपूर्ण छ । यसमा धेरै जटिल मुद्दाहरू छन्, जसबारे समुदायले कुनै पनि सम्झौता गर्नुभन्दा अगाडि ध्यान दिनुपर्छ । यहाँ केही महत्वपूर्ण कुराहरूको सूची दिइएको छ, जसलाई समुदायले ध्यान दिनु आवश्यक छ ।

**१. परियोजनाका बारेमा सूचना**

- परियोजना कहाँ छ ? यसले कति ठूलो क्षेत्र समेटेको छ ?
- करारको समयावधि कति छ ? के यो परियोजनाको समयावधि जतिकै लामो छ ?
- समुदायका मानिसले भूमिसम्बन्धी कस्तो अधिकार प्राप्त गरेका छन् ?
- के कार्बन क्रेडिट बेच्न करार पक्षको प्रस्ताव गरिएको छ ?

**२. लगानी गर्ने षड्यन्त्र**

- किन्ने पक्ष को हो ? कसले कार्बनको पैसा तिर्छ, कुन समुदाय बेच्न चाहन्छ र यसको औसत मूल्य कति हो ? तुलनात्मक परियोजनाहरूको मूल्य कति हो ?
- कार्बन क्रेडिट किन्नेले जैविक उर्जा उत्सर्जनलाई निरन्तरता दिने अधिकारप्राप्त समुदायको व्यवहारमा परिवर्तन गरी उत्सर्जनलाई कम गर्न पैसा दिएर खरिद गरेको छ कि छैन ? जुन उनीहरूको मुख्य दायित्वभित्र पर्छ ।
- यदि परियोजना कोषद्वारा सञ्चालित छ भने यसलाई कसले आर्थिक सहयोग गरिरहेको छ ? कोष उपलब्ध गराउनेहरूले गरेको योगदान वापत के उनीहरूले कार्बन उत्सर्जन गर्न पाइरहेका छन् ?

**३. परामर्श र सम्झौता प्रक्रिया**

- तपाईंका लागि कसले सम्झौता गरेको थियो अथवा तपाईंलाई सम्झौताका लागि प्रस्ताव गरेको छ ? के तपाईं आफै सम्झौता चाहनुहुन्छ ?
- के परामर्श प्रक्रियामा समुदायका सदस्यहरूबाट आफ्नो विचार राख्ने मौका दिइएको थियो ? समुदायको आफ्नो संस्कृति र परम्परा अनुसार नै सर्वसम्मतिबाट उनीहरूले सहमति प्राप्त गरेका थिए ? थिएनन् भने किन थिएनन् ?
- तपाईंको मानिस अथवा समुदायको तर्फबाट कसले करारमा हस्ताक्षर गर्दैछ ? यो कसरी निर्णय गरिएको थियो ?
- वन-जङ्गललाई केही भयो भने क्षतिको जिम्मेवारी कसले वहन गर्छ ? रूखहरू/जङ्गल आगलागी जस्ता दुर्घटनाद्वारा नष्ट भएमा के हुन्छ ? के तपाईंहरूले करार सम्झौता गरेको संस्थालाई पैसा फिर्ता दिनुपर्छ ?

**४. कार्यान्वयन र मूल्याङ्कन**

- करारमा सम्झौता भए अनुसार नियम र कानुनहरूको कार्यान्वयन गर्न को जिम्मेवार हुन्छ ? कार्यान्वयनको मूल्याङ्कन कसले गर्छ ?



परियोजनाहरू प्रायः जटिल र विस्तृत हुने गर्छन्, त्यसैले यसमा उल्लेखित शर्तहरू ठीक छन् कि छैनन्, भोलिका दिनमा यसले कस्तो प्रभाव पार्न सक्छ भन्ने सम्बन्धमा स्पष्ट रूपमा जानकारी नहुञ्जेलसम्म अत्यन्त होशियारीका साथ अध्ययन गर्नुपर्छ । यसका अतिरिक्त परियोजना संचालन गर्न गईरहेको कम्पनी तथा संस्थाका वारेमा सकेसम्म धेरै भन्दा धेरै सूचना र जानकारी लिनुपर्छ ।



तथापि रेडप्लस आदिवासी जनजाति र स्थानीय समुदायको अधिकारको मान्यता र सुनिश्चिततामा आधारित हुने हो भने यसले हाम्रो जीवन पद्दतिलाई जोगाई राख्न मद्दत गर्न सक्छ । रेडप्लसलाई वन, भूमिमाथिको अधिकार तथा संरक्षित वनमा स्थानीय आदिवासीको अधिकारसँग सम्बन्धित कानुन तथा नीतिहरूमा सुधार तथा परिमार्जन गर्ने काममा पनि प्रयोग गर्न सकिन्छ । त्यसको लागि रेडले आदिवासी जनजातिको अधिकारलाई पूर्ण रूपमा सम्मान गर्नुपर्छ । त्यस्तै आदिवासी जनजातिको संस्कृति अनुसार उपयुक्त परामर्श, स्वतन्त्र, अग्रिम,जानकारी सहितको मन्जुरी(एफपिक) को अधिकारलाई सुनिश्चित गर्नुपर्छ ।




- रेडसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रक्रियाहरूमा आदिवासी जनजाति र स्थानीय समुदायको अडान/मागलाई समावेश गर्नु आवश्यक छ ।



- आदिवासी जनजाति समुदायको पूर्ण र प्रभावकारी संलग्नता र सहभागितामा रेडले हाम्रो भूमि र प्राकृतिक स्रोतमाथिको अधिकार सुनिश्चित गराउन सहयोग गर्न सक्छ ।





- रेडप्लसलाई समुदायले संरक्षित गरेका क्षेत्र तथा वन-जङ्गलका लागि आर्थिक सहयोग र मान्यता प्राप्त गर्ने अवसरका रूपमा प्रयोग गर्न सकिन्छ । आर्थिक सहयोगले हाम्रो वन-जङ्गलको संरक्षण र व्यवस्थापनलाई सहयोग पुऱ्याउनुका साथै गाउँको विकासमा समेत सहयोग पुग्छ ।



- रेडप्लसले परम्परागत ज्ञान र जैविक विविधता संरक्षणलाई बढावा दिन मद्दत पुऱ्याउँछ ।


रेडप्लस कहाँ लागू हुन्छ होला ?
रेडप्लस गरिब जनता भएको क्षेत्र वा विकासोन्मुख मुलुकहरूमा लागू हुनेछ । रेडप्लस अन्तर्गत वन संरक्षणका लागि संरक्षित क्षेत्रहरू हुनेछन् र धनी राष्ट्रहरूले यसका लागि पैसा दिनु पर्नेछ ।
संरक्षित क्षेत्र जस्तै वनलाई संरक्षण गर्नुपर्छ भन्नुको अर्थ के हो ? हाम्रो समुदायका लागि यसको अर्थ के हुन सक्छ ?
वास्तवमा हाम्रो वन-जङ्गल कार्बन संरक्षित क्षेत्रको रूपमा परिणत हुने हो कि भन्ने डर भईरहेको छ । हामी किन डराइरहेका छौं भने हाम्रो वनमा के गर्न हुने र के गर्न नहुने भन्ने सम्बन्धमा कडा नियमहरू हुने हो कि, खेतीपाती, शिकार, वनका कन्दमूलहरूको सङ्कलन, जडिबुटी, दाउरा र घर बनाउन काठहरू काट्न नपाइने पो हो कि ! भन्ने शङ्का छ । रेड प्लस वास्तवमा हाम्रो भूमि र प्राकृतिक स्रोतको प्रयोग र व्यवस्थापन गर्न पाउने अधिकारका लागि चुनौती हुनसक्छ । रेड परियोजना लागू हुनु अगाडि हाम्रा अधिकारहरूलाई सम्बोधन र सुरक्षित गरिएन भने यसले हाम्रो जीवन पद्दतिमा नराम्रो प्रभाव पार्न सक्छ ।
वनलाई व्यवस्थापन गर्ने नियमहरू
• भिरपाखामा खेतीपाती गर्न या बगैंचा बनाउन नपाइने ।
• गाईवस्तु चराउन र शिकार गर्न नपाइने ।
• रूख काट्न अथवा दाउरा सङ्कलन गर्न नपाइने ।
दाउरा काट्न निषेध ।
संरक्षित वन ।
शिकार गर्न निषेध ।
प्रवेश निषेध ।
यी संरक्षित वनमा हाम्रो अधिकारहरू के हुने ?



रेडको लगानी गर्ने दोश्रो विधि कोषको माध्यमबाट गर्नु हो । यसका निमित्त कोष खडा गरिन्छ र कोषमा विभिन्न सरकार, बैंक, कम्पनी र धनीमानीहरूले निश्चित उद्देश्य परिपूर्तिका लागि पैसा जम्मा गर्न सक्छन् । रेड प्लसका लागि आवश्यक रकम सोही बमोजिम सङ्कलन गरिन्छ । कोषमा जम्मा भएको रकमबाट रेड परियोजना सञ्चालनका लागि आवश्यक रकम दिइन्छ । तर कति रकम दिने या पाउने भन्ने कुरा वन-जङ्गलले कति कार्बन संञ्चित गरेको छ भन्नेमा भर पर्छ ।
$CO_2$
$CO_2$
$CO_2$
$CO_2$
$CO_2$
$CO_2$
$CO_2$
रेडप्लस वन संरक्षण परियोजना
$CO_2$
$CO_2$
$CO_2$
$CO_2$
$CO_2$
कोष मार्फत रेडलाई दिइने रकम र कार्बन बजार मार्फत दिइने रकमको उद्देश्य एउटै हो । दुवैको उद्देश्य वन-जङ्गलको संरक्षणलाई प्रर्वद्धन गरी कार्बन उत्सर्जनमा कटौती र वनमा कार्बन सञ्चिति बढाउनु हो । रेडका लागि स्थापना गरिने कोषको प्रस्तावमा समस्या के देखिन्छ भने यो कोषमा पर्याप्त पैसा हुन्छ भन्ने निश्चित भने छैन । यो कोषका दाता कम्पनी अथवा मुलुकहरूले केही उपलब्धि नभएसम्म पैसा दिन तयार नहुन सक्छन् जस्तै कार्बन क्रेडिट ।